# सत्रौं वार्षिक साधारण सभाको निर्णय (माईन्यूट)

साधारण सभा मिति : २०८२ माघ ०३ गते शनिबार,
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं


स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.

केन्द्रीय कार्यालय : बनेपा-०५, काभ्रेपलाञ्चोक
फोन नं.: ०११-६६१०६०/६६५३४८
इमेलः info@slbbl.com.np
वेबसाइटः www.slbbl.com.np

# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको सत्रौं वार्षिक साधारण सभामा भएका काम कारबाहीका विवरण तथा निर्णयहरु

**१. वैधानिक सभा :**

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८२ पुष ०९ गते मंगलबारका दिन बसेको संचालक समितिको २९९औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम वित्तीय संस्थाको **सत्रौं वार्षिक साधारण सभा** संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल भई देहाय बमोजिमको निर्णय गरी सम्पन्न भयो ।

**मिति** :- २०८२ माघ ०३ गते सोमबार (तदनुसार १७ जनअरी, २०२६ ई.सं.)
**समय** :- दिनको ११:३० बजे
**स्थान** :- नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौं ।

२. उपस्थिति

**क) संचालकहरुको उपस्थिति :**

| क्र. सं. | संचालकहरुको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र प्रसाद पाण्डे | अध्यक्ष | संस्थापक समुह |
| २ | श्री त्रि विक्रम पाण्डे | संचालक | संस्थापक समुह |
| ३ | श्री उदय राज खतिवडा | संचालक | संस्थापक समुह |
| ४ | श्री कृष्ण वन्जाडे | संचालक | सर्वसाधारण समुह |
| ५ | श्री समर ढकाल | संचालक | सर्वसाधारण समुह |
| ६ | श्री तेज दत्त खकुराल | संचालक | सर्वसाधारण समुह |
| ७ | श्रीमती हिरा देबी विष्ट | संचालक | स्वतन्त्र |

**ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :**

| क्र. सं. | पदाधिकारी/पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री सागर राज जोशी | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री रोशन सुवेदी | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ३ | श्री प्रकाश पन्त | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री होम कान्त चौलागाई | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री गोकुल न्यौपाने | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ६ | श्री राम चन्द्र वन्जाडे | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ७ | श्री विमल पाण्डे | संचालक | गरिमा विकास बैंक लि. |
| ८ | श्री तुलसी प्रसाद बराल | संचालक | रिलायन्स फाईनान्स लि. |
| ९ | श्री विश्व राज नेपाल | संचालक | कालीका लघुवित्त वित्तीय संस्था लि. |
| ९ | श्री निमेश मान कायस्थ | प्रतिनिधी | एनएमबि क्यापिटल लि. |
| १० | श्री सुशेन बहादुर पाण्डे | प्रतिनिधी | एनएमबि क्यापिटल लि. |
| ११ | श्री सचिना वाइवा | प्रतिनिधी | एनएमबि क्यापिटल लि. |
| १२ | श्री मन्दीप वाईवा | प्रतिनिधी | एनएमबि क्यापिटल लि. |

ग) व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :

| क्र. सं. | नाम | पद |
|---|---|---|
| १ | श्री मनोज कृष्ण उप्रेती | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री राजेन्द्र प्रसाद न्यौपाने | सहायक महाप्रबन्धक |
| ३ | श्री गोपाल राज विष्ट | प्रबन्धक |
| ४ | श्री मधु सुदन अधिकारी | सहायक प्रबन्धक |
| ५ | श्री मधु सुदन पन्त | वरिष्ठ अधिकृत |
| ६ | श्री सरोज पौडेल | वरिष्ठ अधिकृत |
| ७ | श्री निरोज प्रसाद पौडेल | अधिकृत |

३. सभाको वैधानिकता :

क) सभाको बारेमा सार्वजनिक सूचना :

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि यस वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार मिति २०८२/०९/१० र २०८२/०९/११ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा क्रमश: प्रथम पटक र दोश्रो पटक प्रकाशित गरिएको थियो । मिति २०८२/०९/१७ गते सम्म शेयर खरिद गरि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरुलाई आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना तथा प्रोक्सी फारमहरु यस वित्तीय संस्थाले सार्वजनिक गरी सकिएको व्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट जानकारी गराइयो ।

(ख) गणपुरक संख्या :

यस साधारणसभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०८२ पुस १७ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई कायम शेयरधनीहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको छ ।

| क्र. सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता |
|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | १७६ | ४१,३३,००६.८१ |
| २ | सर्वसाधारण शेयरधनीहरु | २८२५३ | ३७,०६,२३७.२२ |
| | जम्मा | २८४२९ | ७८,३९,२४४.०३ |

कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या (कम्पनीको शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरुले धारण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम रहेको व्यहोरा कम्पनी सचिवबाट अवगत भयो । उपस्थित शेयरधनीहरुलाई उपरोक्त व्यहोरा जानकारी दिदै सभा कानून बमोजिम बोलाईएको हुँदा पूर्व सूचित प्रस्तावहरुमा छलफल गर्न अनुरोध गर्नुभयो ।

| बिक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | उपस्थित जम्मा कित्ता | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| ७८,३९,२४४.०३ | ४१,३३,००६.८१ | ३७,०६,२३७.२२ | १२६ | ५७५ | ४३,९५,७११ | ५६.०७ |

४. सभामा प्रस्तुत छलफलका विषयहरू :

शेयरधनीहरुको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा देहाय अनुसारका छलफलका प्रस्तावहरु रहेका थिए ।

छलफलको लागि प्रस्तावित विषयहरु :

क. सामान्य प्रस्तावहरु

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखा परीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८२/०८३ को लेखा परीक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ( पि.एल.आर.जि एसोसियट्स पून नियुक्तिका लागी योग्य हुनुहुन्छ) ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.७८,३९,२४,४०३/- को ०.७५% ले हुन आउने रु. ५८,७९,४३३.५९ नगद लाभांश रकम (बोनश शेयरको कर प्रयोजनार्थ समेत) पारित गर्ने ।

५) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तिन) जना संचालकहरुको निर्वाचन गर्ने ।

ख. विशेष प्रस्तावहरु

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजी रु. ७८,३९,२४,४०३/- को १४.२५% को दरले हुने रु. ११,१७,०९,२२७.४३ रकम बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारीत गर्ने ।

२) बोनस शेयर जारी पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले वित्तीय संस्थाको जारी र चुक्ता पूँजी वृद्धि गर्ने र सोही बमोजिम प्रवन्धपत्रमा संशोधन गर्ने ।

३) अध्यक्ष तथा सञ्चालकहरुको वैठक भत्ता वृद्धि गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीमा संशोधन गर्ने ।

४) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखा परीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप. अपनाउनु पर्ने तथा गर्नु पर्ने भएमा सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृति लिने, अन्तिम स्वीकृति पश्चात सोको कार्यान्वयन गर्ने तथा सो

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा ।

५) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका दफा तथा नियमहरुमा गरिएको थप तथा संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट परिमार्जन वा संशोधन वा फेरबदल गर्न सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक परिमार्जन, संशोधन वा फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग. विविध

## ५. सभाको वैधानिकता, अध्यक्षता, स्वागत मन्तब्य तथा उद्घाटन

### ५.१) सभाको वैधानिकता :

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. २३ अनुसार र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम यस लघुवित्त वित्तीय संस्थाको सत्रौं वार्षिक साधारण सभामा राखिएको हाजिरी पुस्तिकामा शेयरधनीहरुको उपस्थिति तथा प्रतिनिधित्व ५० प्रतिशत भन्दा बढी भई साधारण सभाको गणपूरक संख्या पुगेको जानकारी कम्पनी सचिवले दिनु भयो । साथै प्रचलित कम्पनी कानून अनुसार तथा वित्तीय संस्थाको नियमावली अनुसार सभा वैधानिक भएकोले रीतपुर्वक साधारण सभाको काम कारवाही अगाडि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

### ५.२) सभाको अध्यक्षता :

कम्पनी ऐन, २०६३ को दफा ७४(१) तथा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. १९(१) अनुसार सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था रहेको व्यहोरा कम्पनी सचिवले जानकारी गराए पछि दिनको ११:५५ बजे संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षता तथा अन्य संचालकज्यूहरुको उपस्थितिमा सत्रौं वार्षिक साधारण सभा शुरु भयो ।

### ५.३) स्वागत मन्तब्य :

सभामा अध्यक्षज्यू तथा संचालकज्यूहरु तथा अन्य अतिथिज्यूहरुको आसन ग्रहण सम्पन्न भए पश्चात संचालक श्री उदय राज खतिवडाज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई स्वागत मन्तब्य राख्नु भयो ।

### ५.४) सभाको उद्घाटन :

सभामा संचालक श्री उदय राज खतिवडाज्यूले स्वागत मन्तव्य राख्नु भए पश्चात सभाका अध्यक्ष तथा यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको उद्घाटन गर्नु भयो ।

## ६. सत्रौं वार्षिक साधारण सभामा अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत :

सत्रौं वार्षिक साधारण सभामा अध्यक्षज्यूले संचालक समितिका तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने क्रममा सम्पूर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै संचालक समितिको वार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नुभयो । यस क्रममा आ.व. २०८१/०८२ मा वित्तीय संस्थाले गरेको

प्रगति तथा आ.व. २०८२/०८३ को भावी योजना, संस्थाले गरि रहेको प्रगति तथा अन्य कार्यक्रमहरुका बारेमा समेत संक्षेपमा प्रकाश पार्नुभयो ।

**७. अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

७.१ शेयरधनी **श्री निरुपमा गुप्ताज्यूले** खराब कर्जा बढ्दै गएकोले यसतर्फ सचेत रहि व्यवस्थापन गर्दै जान अनुरोध गर्नु भयो । शेयरधनीलाई १५% लाभांश दिनु भएकोमा धन्यवाद दिनु भयो । कर्मचारीहरु छोड्ने समस्या वढेको देखिएकोले यस तर्फ विशेष ध्यान दिई कार्य गर्न अनुरोध गर्नु भयो । केहि शिर्षकहरुमा गत आ.व.को तुलनामा खर्च कम भएको देखिएकोले राम्रो लाग्यो । अन्य कुराहरु संस्थाको राम्रो देखिएकोले कर्जा व्यवस्थापनमा सुधार गर्न अनुरोध गर्दै आफ्नो मन्तव्य समापन गर्नु भयो ।

७.२ शेयरधनी **श्री सुदिप श्रेष्ठज्यूले** आफ्नो मन्तव्य राख्दै शेयरधनीहरुले प्रतिफलको आशामा लगानी गर्ने भएकोले अहिलेको समयमा पनि १५% लाभांश दिएकोमा खुशी लागेको बताउनु भयो । हाल दिन सकि रहेको प्रतिफल निरन्तर रुपमा पाउन सकियोस भन्ने धारणा राख्दै ग्रामीण मैत्री कार्यक्रम संचालन गर्न सुझाव दिदैं आफ्नो मन्तव्य समापन गर्नु भयो ।

७.३ शेयरधनी श्री **भेष राज भण्डारीज्यूले** मन्तव्य राख्दै अहिले दिनु भएको प्रतिफल १५% को निरन्तरताको लागि अनुरोध गर्दै खराब कर्जा वढी भएको देखिएको हुंदा त्यस तर्फ ध्यान दिन अनुरोध गर्नु भयो । खर्च व्यवस्था कम हुँदै गएकोले राम्रो देखिएको र कर्मचारीको वृत्ति विकासमा ध्यान दिनु हुन अनुरोध गर्नु भयो । यस वित्तीय संस्थाले प्राप्ति गर्न लागेको विन नेपाल लघुवित्त लाई राम्रो संग DDA गरि ल्याउनु हुन अनुरोध गर्दै मन्तव्य समापन गर्नु भयो ।

७.४ शेयरधनी **श्री शत्रुधन श्रेष्ठज्यूले** मन्तव्य राख्दै प्रत्येक वर्ष यस वित्तीय संस्थाले शेयरधनीलाई विगत १७ वर्ष देखि लाभांश दिदैं आएको बताउनु भयो । कतिपय लघुवित्त संस्थाले वर्षौ देखि लाभांश दिन नसकेको वताउनु भयो । नेपाल सरकार र आन्दोलनमा रहेको समुह विच सम्झौता भएको कुरा आएको छ त्यसबाट संस्थामा पर्न सक्ने असरलाई विचार गरि काम गर्न अनुरोध गर्नु भयो । त्यसै गरि हाम्रो संस्था र विन नेपाल लघुवित्त वित्तीय संस्था विच प्राप्ति गर्ने सम्झौता भएकोले संस्था अझ दरिलो भएर जाने विश्वास व्यक्त गर्दै आफ्नो मन्तव्य समापन गर्नु भयो ।

७.५ शेयरधनी श्री **चन्द्र नारायण श्रेष्ठज्यूले** मन्तव्य राख्दै मर्जर सफल होस भनि शुभकामना व्यक्त गर्नु भयो । संचालक भत्ता वृद्धि गर्दा वुझेर मात्र गर्नु होला । आजको वार्षिक साधारण सभा सफल होस भनि शुभकामना दिदै आफ्नो मन्तव्य समापन गर्नु भयो ।

७.६ शेयरधनी **श्री नर सिंह लाल चखुज्यूले** राम्रो लाभांश दिन सफल हुनु भएकोमा सम्पुर्ण व्यवस्थापन प्रति आभार व्यक्त गर्नु भयो । रिकभरि पनि गत वर्ष भन्दा सन्तोषजनक रहेको देखिएकोले केन्द्रका विभागीय प्रमुख र शाखाका शाखा प्रमुखहरुले पनि धेरै मिहेनत गरेको देखिन्छ भन्दै आफ्नो मन्तव्य समापन गर्नु भयो ।

७.७ शेयरधनी श्री **गोबिन्द बहादुर के.सि.ज्यूले** भुकम्प, कोरोना महामारी, भाद्र २४ गतेको जेन्जी आन्दोलन आदिले देशको अर्थतन्त्रमा पारेको प्रभावमा पनि यो संस्थाले राम्रो गरेको देखिएको बताउनु भयो । आगामी दिनमा

१५% भन्दा वढी लाभांश वढोस भनि आफ्नो भनाई राख्नु भयो । यस संस्थाले राम्रो गरि रहेकोले व्यवस्थापन र सम्पुर्ण कर्मचारीलाई धन्यवाद दिनु भयो । विगतमा जस्तो हतारमा MOU गरि डिमर्ज हुने अवस्था नआओस । आगामी वर्षमा लाभांश नघट्ने गरि काम गर्नु गराउनु हुन संचालक समितिलाई अनुरोध गर्नु भयो ।

७.८ शेयरधनी **श्री इन्द्र प्रसाद लामिछानेज्यूले** यस वित्तीय संस्थाको साधारण सभा वास्तवमा राम्रो रहेको वताउनु भयो । पुष मसान्त भित्र नै साधारण सभा सक्ने गरि कार्य गर्न अनुरोध गर्नु हुँदै गत वर्ष भन्दा यस वर्ष वोनश वढेकोमा खुसी लागेको वताउनु भयो । यस वर्ष सर्वसाधारण तर्फको संचालकज्यूहरुको निर्वाचन रहेकोले सकेसम्म सर्वसम्मत रुपमा गर्न अनुरोध गर्नु भयो । मर्जर गर्दा धेरै वुझेर मात्र गर्न अनुरोध गर्दै आफ्नो भनाई समापन गर्नु भयो ।

७.९ शेयरधनी **श्री उद्धव प्रसाद घिमिरेज्यूले** यस वित्तीय संस्थाको वित्तीय विवरण राम्रो रहेको पाए । यस वित्तीय संस्थाको स्थापनाको समयमा त्यस समयका कर्मचारीहरुले कम तलब लिएर काम गरेको इतिहास छ । त्यसैले यो कम्पनी राम्रो रहेको जस्तो लाग्छ । एक अर्ब पुंजी पुऱ्याएर काठमाण्डौ कर्पोरेट कार्यलय ल्याउनु पर्ने धारणा राख्नु भयो । संस्थापक र सर्वसाधारण शेयरको अनुपात ५१:४९ बनाउन अनुरोध गर्नु भयो । NPL घटवढ भई रहने कुरा भएकोले यसको व्यवस्थापन ठुलो कुरा भएको धारणा राख्दै आफ्नो भनाई समापन गर्नु भयो ।

७.१० शेयरधनी **श्री बैजुनाथ रौनियारज्यूले** वोनश लाभांश राम्रो दिनु भएकोमा धन्यवाद दिदैं DDA राम्रो संग गरेर मात्र मर्जरमा जान सुझाव दिदैं आफ्नो भनाई समापन गर्नु भयो ।

७.११ शेयरधनी **श्री अमिरदास रन्जीतकारज्यूले** NPL वढ्दा पनि गत वर्ष भन्दा लाभांश वढाएर १५% दिनु भएकोमा धन्यवाद दिदैं DDA गर्दा पारदर्शी रुपमा गरिदिन अनुरोध गर्नु भयो । यस संस्थाको कार्यक्रम ग्रामीण क्षेत्रमा रहेकोले ग्रामीण भेगमा रहेको गरिवी न्युनिकरणमा ध्यान पुऱ्याउन अनुरोध गर्दै आफ्नो भनाई समापन गर्नु भयो ।

७.१२ शेयरधनी **श्री कृष्ण प्रसाद अधिकारी (काश्यप) ज्यूले** वार्षिक प्रतिवेदन समयमा उपलब्ध गराई दिन अनुरोध गर्नु भयो । वार्षिक रुपमा हेर्दा संचालक वैठक धेरै भयो जस्तो लागेकोले सकभर थोरै गर्न सुझाव दिनु भयो । महिला र पुरुष कर्मचारी ५०/५० प्रतिशत पुऱ्याई दिनु भए अझ राम्रो हुने थियो भनि सुझाव दिनु भयो ।

७.१३ शेयरधनी **श्री युगल वसेलज्यूले** वजारमा लघुवित्त संस्थाहरु धेरै छन् तर यो जस्तो अन्य संस्था छैन भन्दै यस संस्थाका वित्तीय सुचकहरु राम्रो रहेको वताउनु भयो । संचालकको भत्ता समय सापेक्ष वढाउन खोजेकोमा ठिक छ । NPL केहि वढी देखिएको छ र NPL पनि किताबको कुनै स्थानमा स्पष्ट देखिने गरि राख्न अनुरोध गर्नु भयो । सुचनामा शेयरधनीहरुलाई हुलाक र कुरियर्स मार्फत जानकारी पठाईनेछ भन्ने वाक्यांशलाई हटाउंदा हुने सुझाव दिनु भयो ।

७.१४ शेयरधनी **श्री राज काजी रंजीतज्यूले** अध्यक्षज्यूको मन्तव्य पारदर्शी लाग्यो भन्दै यस वित्तीय संस्थाको सन्दर्भमा नेपाल राष्ट्र बैंकबाट समेत ठुलो कैफियत नदेखाएको हुंदा संस्थागत सुशासनमा रहेको देखिएको वताउनु भयो ।

७.१५ शेयरधनी **श्री डमरु बल्लभ घिमिरेज्यूले** लिखित मन्तव्य राख्दै यस वित्तीय संस्थाको संचालक समिति तथा व्यबस्थापन शेयरधनीहरु प्रति अति नै ईमान्दार छ भन्ने कुरा यस वित्तीय संस्थाले शेयरधनीको सुविधाको लागि काठमाण्डैमा सभा गरेको बाट नै प्रष्ट महशुस गर्न सकिन्छ । यस प्रकारको असहज आर्थिक तथा राजनितिक परिस्थितिमा पनि कुल १५% लाभांश दिनु भएकोमा बधाई तथा धन्यवाद दिनु भयो । मर्जर गरेका संस्थाहरुमा ठुलो समस्या देखिएकोले मर्जरमा नजान अनुरोध गर्नु भयो । यति राम्रो संस्था मर्जरको कारणले समस्यामा पर्छ कि भन्ने डर छ त्यसैले मर्जरको कारणले गर्दा समस्या पर्न सक्ने तर्फ सचेत रहन आग्रह गर्नु भयो ।

**७.१६** शेयरधनी **श्री लक्ष्मण बहादुर श्रेष्ठज्यूले** लिखित मन्तव्य राख्दै आगामी वर्षमा साधारण सभा प्रथम त्रैमास भित्र गर्न आग्रह गर्नु भयो । आर्थिक वर्ष २०८१/०८२ को मुनाफाबाट १५% लाभांश दिन सफल भएकोमा कम्पनी संचालकलाई धन्यवाद दिनु भयो । कम्पनीको मर्जर संग सम्बन्धित कामको प्रगति के कति भैरहेको छ जानकारी दिनु हुन आग्रह गर्दै आफ्नो भनाई समापन गर्नु भयो ।

७.१७ शेयरधनी **प्रा.डा. श्री राम्जी प्रसाद पण्डितज्यूले** लिखित मन्तव्य राख्दै आर्थिक वर्ष २०८१/०८२ को मुनाफाबाट १५% लाभांश दिन सफल हुनु भएकोमा धन्यवाद दिनु भयो । फिल्डमा धेरै समस्या भएकोले नयां शाखाहरु खोल्न नहतारिनु होला । नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थाहरुलाई थप बलियो बनाउन मर्जर तथा प्राप्तिलाई प्राथमिकता दिई रहेको छ तर मर्जर गरेका वित्तीय संस्थाहरुको अवस्था त्यति सन्तोषजनक नदेखिएकोले यस तर्फ सचेत रहन अनुरोध गर्नु भयो । हाम्रो संस्था बलियो भएकोले सकभर मर्जरमा नजान अनुरोध गर्नु भयो । बिन लघुवित्तलाई प्राप्ति गरे पछि एउटै स्थानमा रहेका शाखाहरुलाई मर्ज गरेर जान अनुरोध गर्नु भयो । अन्य एजेण्डामा आफ्नो पुर्ण सहमति रहेको धारणा राख्दै आफ्नो भनाई समापन गर्नु भयो ।

**८. सभामा शेयरधनीहरुले राख्नु भएको जिज्ञासा तथा प्रश्नहरुको जवाफ :**

यसरी १७ जना वक्ताहरुले अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलमा सहभागी हुनु भई आफ्ना सल्लाह, सुझाव तथा जिज्ञासा राख्नु भयो । उहाँहरुले राख्नु भएको जिज्ञासा उपर यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूले छलफलमा सहभागीहरुले दिनु भएका सल्लाह सुझावहरुलाई मनन गर्दै संस्थालाई अगाडि बढाउने बताउनु भयो । यसका साथै वक्ताहरुले उठाउनु भएका जिज्ञासाहरु उपर जवाफ दिनुभयो ।

**९. सभाका निर्णयहरु :**

**क) साधारण प्रस्तावहरु**

१. यस वित्तीय संस्थाको संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन सभाबाट पारित गरियो ।

२. यस वित्तीय संस्थाको बाह्य लेखा परीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचिहरु माथि छलफल गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्दा सो प्रस्ताव माथि छलफल गरी सर्वसम्मतिबाट पारीत गरियो ।

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने प्रस्तावको सम्वन्धमा छलफल गर्दा यस वित्तीय संस्थाले लिएको दरभाउपत्र तथा प्राविधिक प्रस्तावको आधारमा प्रस्तावित नाम श्री P.L.R.G. And Associates, Chartered Accountants पुतलीसडक, काठमाण्डौलाई यस वित्तीय संस्थाको आ.ब.२०८२/०८३ को वाह्य लेखा परीक्षकको रुपमा नियुक्ति गर्ने तथा वैधानिक लेखा परीक्षणको सम्पूर्ण कार्य (वार्षिक लेखा परीक्षण, कर लेखा परीक्षण, दफा ५१ र ७८ प्रमाणित लगायत आवश्यक अन्य कार्य समेत) को लागि कर सहित रु. ५,६५,०००/- (अक्षरुपी, पाँच लाख पैसठ्ठी हजार रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने सभाबाट निर्णय गरियो ।

४. आ.व.२०८१/०८२ को वितरण योग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु. ७८,३९,२४,४०३/- को ०.७५% प्रतिशतले हुन आउने रु. ५८,७९,४३३.५९ (अक्षरुपी, अन्ठाउन्न लाख उनासी हजार चार सय तेत्तीस रुपैयाँ उनान्साठ्ठी पैसा मात्र) नगद लाभांश (बोनश शेयरको कर प्रयोजनको लागि) वितरण गर्ने प्रस्ताव सभाबाट स्वीकृत गर्ने निर्णय भयो ।

५. यस वित्तीय संस्थाको सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्नु हुने ३ जना संचालकज्यूहरुको पदावधी सकिएको हुंदा यस समुह तर्फ निर्वाचनको लागि ५ जनाको उमेद्‌वारी मनोनयन दर्ता भएकोमा निर्वाचनको सम्पुर्ण प्रकृया पुरा गरि मतगणना गरि सके पश्चात तल तपशिलमा उल्लेख गरिए अनुसारका ब्यक्तिहरु आगामी ४ बर्ष (२१औं वार्षिक साधारण सभा सम्म) को लागि सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने गरि निर्वाचित हुनु भएको ब्यहोरा निर्वाचन अधिकृतबाट सभा समक्ष जानकारी गराउनु भयो ।

तपशिल

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | श्री सुवोध कुमार लुईंटेल ज्यू | नागार्जुन न.पां. - १०, काठमाण्डौ |
| २ | श्री सम्पन्न पाण्डे ज्यू | का.म.न.पा. - ७, काठमाण्डौ |
| ३ | श्री समर ढकाल ज्यू | सुर्यविनायक - ४, भक्तपुर |

ख) विशेष प्रस्तावहरु

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८१/०८२ को मुनाफा तथा अन्य जगेडा कोषबाट हाल कायम चुक्ता पूँजी रु.७८,३९,२४,४०३/- (अक्षरुपी, अठहत्तर करोड उनन्चालीस लाख चौविस हजार चार सय तिन रुपैयाँ मात्र) को १४.२५% को दरले हुने रु. ११,१७,०९,२२७.४३ (अक्षरुपी, एघार करोड सत्र लाख नौ हजार दुई सय सत्ताईस रुपैयाँ त्रिचालीस पैसा मात्र) बराबरको बोनस शेयर जारी गर्ने तथा यसरी दिइने बोनस शेयर भिन्न अंकमा आएमा विगतको भिन्न अंकमा जोडी पूर्ण अंकमा बोनस शेयर जारी गर्ने र बाँकी रहने भिन्न अंकलाई सम्बन्धित शेयरधनीकै नाममा रहने गरी छुट्टै अभिलेख राख्ने वा नियमानुसार अन्य उपयुक्त व्यवस्था गर्ने र सोही हदसम्म जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरीयो ।

२. बोनस शेयर जारी गरे पश्चात यस वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्वन्धी प्रस्ताव सभामा प्रस्तुत भएकोमा सभाबाट देहाय बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को खण्ड क, ख र ग मा संशोधन गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

*प्रवन्धपत्रको दफा ६ मा संशोधन :*

*खण्ड क लघुवित्त वित्तीय संस्थाको अधिकृत पुँजी रु. १,००,००,००,०००/- (अक्षरेपी, **एक अरब** मात्र) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- दरका १,००,००,०००/- (**एक करोड**) थान साधारण सेयरमा विभाजन गरिएको छ ।*

*खण्ड (ख) : लघुवित्त वित्तीय संस्थाको जारी पुँजी रु.८९,५६,३३,६३०.४३/- (अक्षरेपी, **उनानब्बे करोड छपन्न लाख तेत्तीस हजार छ सय तीस दशमलव चार तीन** मात्र) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- का दरको ८९,५६,३३६.३० (अक्षरेपी, **उनानब्बे लाख छपन्न हजार तीन सय छत्तीस दशमलव तिन शुन्य** मात्र) थान साधारण सेयरमा विभाजन गरिएको छ ।*

*खण्ड (ग) : वित्तीय संस्थाको चुक्ता पुँजी रु. रु.८९,५६,३३,६३०.४३/- (अक्षरेपी, **उनानब्बे करोड छपन्न लाख तेत्तीस हजार छ सय तीस दशमलव चार तीन** मात्र) हुनेछ ।*

३. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्ने सम्बन्धी प्रस्ताव सभामा पेश भएकोमा सभाबाट देहाय बमोजिमको बैठक भत्ता स्वीकृत गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीको नियम ३२ को उपनियम १(क) मा संशोधन गर्ने सर्वसम्मत निर्णय भयो ।

***नियमावलीको नियम ३२ को उपनियम १ (क) मा संशोधन :***

***नियम ३२ (१) को खण्ड (क) :*** *समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु. ९,५००/- र रु. ९,०००/- हुनेछ ।*

*संचालकको संयोजकत्वमा गठित समिति/उप-समितिको बैठकमा उपस्थित भए वापत संचालकलाई संचालक समिति सरह बैठक भत्ता प्रदान गरिनेछ ।*

४. यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखा परीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवं प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृति लिने, अन्तिम स्वीकृति पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव सभामा पेश भए बमोजिम संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

५. यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिवर्तन वा फेरवदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

ग. विविध अन्तर्गत अन्य विषयहरु नरहेको व्यहोरा सभा सञ्चालकले सभामा जानकारी गराउनु भयो ।



SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस साधारण सभामा छलफलका लागि अन्य विषयहरु नभएकोले कम्पनी सचिवले सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, एनएमबी क्यापिटल लिमिटेड, सहयोगी सम्पुर्ण बैंक तथा वित्तीय संस्थाहरु, आमन्त्रित अतिथिज्यूहरु साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको सत्रौं वार्षिक साधारण सभालाई सफल बनाउन सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिदैं यस वित्तीय संस्थामा आवद्ध रहनु भएका सम्पुर्ण सदस्यहरुको साथ सहयोगको लागि समेत धन्यवाद दिनु हुँदै सत्रौं वार्षिक साधारण सभा सम्पन्न भएको जानकारी गराउनु भयो ।

(.................................)
**मनोज कृष्ण उप्रेती**
**कम्पनी सचिव**

(.................................)
**ज्ञानेन्द्र प्रसाद पाण्डे**
**अध्यक्ष**

## स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड
### बनेपा -५, काभ्रेपलाञ्चोक ।

यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली २०६६ मा आवश्यक संशोधनको लागि मिति २०८२ माघ ०३ गतेको सत्रौं वार्षिक साधारण सभामा पारित प्रस्तावित संशोधनहरु सम्बन्धी

**तिन महले विवरण**

**प्रबन्धपत्र तर्फको संशोधन**

| दफा | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | कारण |
|---|---|---|---|
| ६ (क) | लघुवित्त वित्तीय संस्थाको अधिकृत पुँजी रु. ८०,००,००,०००/- (अक्षरेपी, असि करोड मात्र) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- दरको ८०,००,०००/- (असि लाख) थान साधारण सेयरमा विभाजन गरिएको छ । | लघुवित्त वित्तीय संस्थाको अधिकृत पुँजी रु. **१००,००,००,०००/-** (अक्षरेपी, **एक अरब** मात्र) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- दरका **१००,००,०००/-** (**एक करोड**) थान साधारण सेयरमा विभाजन गरिएको छ । | |
| ६. (ख) | लघुवित्त वित्तीय संस्थाको जारी पुँजी रु. ७८,३९,२४,४०३/- (अक्षरेपी, अठहत्तर करोड उनन्चालिस लाख चौबिस हजार चार सय तिन मात्र ) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- का दरको ७८,३९,२४४.०३ (अक्षरेपी, अठहत्तर लाख उनन्चालिस हजार दुई सय चवालिस दशमलब शून्य तिन ) थान साधारण सेयरमा विभाजन गरिएको छ । | लघुवित्त वित्तीय संस्थाको जारी पुँजी रु. **८९,५६,३३,६३०.४३** (अक्षरेपी, **उनान्नब्बे करोड छपन्न लाख तेत्तीस हजार छ सय तिस दशमलब चार तिन** मात्र ) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- का दरको **८९,५६,३३६.३०** (अक्षरेपी, **उनान्नब्बे लाख छपन्न हजार तिन सय छत्तिस दशमलब तिन शून्य** ) थान साधारण सेयरमा विभाजन गरिएको छ । | बोनश शेयर वितरण गरे पश्चात पुँजी वृद्धि हुने भएकोले |
| ६. (ग) | वित्तीय संस्थाको चुक्ता पुँजी रु. ७८,३९,२४,४०३/- (अक्षरेपी, अठहत्तर करोड उनन्चालिस लाख चौबिस हजार चार सय तिन मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पुँजी रु. **८९,५६,३३,६३०.४३ (अक्षरेपी, उनान्नब्बे करोड छपन्न लाख तेत्तीस हजार छ सय तिस दशमलब चार तिन मात्र)** हुनेछ । | |

**नियमावली तर्फको संशोधन**

| नियम | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | कारण |
|---|---|---|---|
| ३२. १. (क) | समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमश : रु. ७,०००/- र रु. ६,५००/- हुनेछ ।<br>संचालकको संयोजकत्वमा गठित समिति/उप-समितिको बैठकमा उपस्थित भए वापत संचालकलाई संचालक समिति सरह बैठक भत्ता प्रदान गरिनेछ । | समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमश : रु. **९,५००/-** र रु. **९,०००/-** हुनेछ ।<br>संचालकको संयोजकत्वमा गठित समिति/उप-समितिको बैठकमा उपस्थित भए वापत संचालकलाई संचालक समिति सरह बैठक भत्ता प्रदान गरिनेछ । | वर्तमान समयको बजार मुल्य अनुसार केहि वृद्धि गर्न प्रस्ताव गरिएको |

(.................................)
मनोज कृष्ण उप्रेती
कम्पनी सचिव

(.................................)
ज्ञानेन्द्र प्रसाद पाण्डे
अध्यक्ष